**बेलबारी नगरपालिका**
**बेलबारी नगर कार्यपालिकोकार्यालय**
**बेलबारी, मोरङ**

# शिलबन्दी बोलपत्रआव्हानको सूचना

दोश्रो पटक प्रकाशितमिति : २०७५।०३।०५

यस बेलबारी नगरपालिकाअन्तर्गत तपशिलमाउल्लेखित हाटबजारआ.व. २०७५/७६ को लागि कर असुलकोलागि ठेक्काबन्दोबस्तगर्नुपर्ने भएकोले ठेक्कालिनचाहने इच्छुक फर्म, कम्पनी, संघसंस्थातथाव्यक्तिहरुले तपशिलबमोजिमको सेवाशर्तको अधिनमा रहीदोश्रो पटक सूचनाप्रकाशितभएको मितिले १५ (पन्ध्र) दिनभित्रबोलपत्रफारम खरिद गरी १६ औ दिनको १२:०० बजे भित्रबोलपत्रदर्तागर्न गोप्यशिलबन्दीबोलपत्रआव्हान गरी यो सूचनाप्रकाशितगरिएको छ ।

तपशिल :

| सि.नं. | ठेक्काको नाम | न्युनतमअंक | बोलपत्रफारम दस्तुर (फिर्ता नहुने) |
|---|---|---|---|
| १ | बेलबारी न.पा. ७बाहुनीमालाग्ने बुधबार र शनिबार हाट | २,००,०००।- | १०००।- |
| २ | बेलबारी न.पा. ६ बाहुनीको सोमबारे हाट | २५०००।- | १०००।- |
| ३ | बेलबारी न.पा. ५ शनिबार, बुधबार र विहिबार लाग्ने हाट | ४०,०००।- | १०००।- |
| ४ | बेलबारी न.पा. १० भाउन्नेमालाग्ने बुधबारे हाट | २५०००।- | १०००।- |
| ५ | बेलबारी न.पा. ११ लक्ष्मीमार्गमालाग्ने मंगलबारको हाट | २५०००।- | १०००।- |
| ६ | बेलबारी न.पा. १० नारायण चौकमाआइतबार लाग्ने हाट | २०,०००।- | १०००।- |
| ७ | बेलबारी न.पा. १० विहिबारे चौकमाविहिबार लाग्ने हाट | ३०,०००।- | १०००।- |
| ८ | बेलबारी न.पा. ८ त्रिवेणीचौक र अमरचौक आइतबार र शनिबार लाग्ने हाट | २०,०००।- | १०००।- |

***नोटः प्रत्येक सि.नं.माउल्लेख बजार ठेक्काको लागि छुट्टै छुट्टै फारम खरिद गर्नु पर्नेछ। साथै छुट्टा छुट्टै बैंक जमानतवानगद धरौटी पेश गर्नु पर्नेछ।***

## ठेक्का सम्बन्धिआवश्यकशर्तहरु

१) माथिउल्लेखित ठेक्काबाट करदस्तुर असुलगर्दा बेलबारी नगरपालिकाले तोकिएको दरमामात्रअसुलगर्नुपर्ने छ ।
२) कर असुली दररेटएवं ठेक्कापट्टाको शर्तहरु बोलपत्रसाथउपलब्ध गराईने छ ।
३) ठेक्काको अवधि २०७५ श्रावण १ देखि २०७६ असाढ मसान्त सम्मको लागिमात्रहुनेछ ।
४) प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्रफारम खरिद गरी छुट्टाछुट्टैबोलपत्र पेश गर्नुपर्नेछ ।
५) बोलपत्र पेशकर्ताले खामको बाहिरपट्टी ठेक्काको किसिमतथा पेशकर्ताको नाम स्पष्टरुपमाउल्लेख गर्नुपर्नेछ ।
६) सिलबन्दीबोलपत्रसाथव्यक्तिहकमानागरिकताको प्रतिलिपीसंस्थाको हकमादर्ता प्रमाणपत्र, करचुक्ता र नवीकरणको प्रमाणपत्र संलग्नहुनुपर्नेछ । धरौटी रकमकबोल गरेको अंकको नेपालीनागरिक भएमा ५ प्रतिशत र विदेशीनागरिक भए १० प्रतिशत रकम बेलबारी नगरपालिकाको नाममा रहेको रा.वा. बेलबारीको बैंकको हि.नं. २४३०३०३००७१०३धरौटीखातामाजम्मागरि सोको सक्कलभौचर पेश गर्नुपर्नेछ र नगदलाई मान्यदिईने छैन ।
७) कबोल गरिएको ठेक्का रकमअंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमाअक्षरमा लेखिएकोलाई मान्यतादिईनेछ ।
८) शिलबन्दीबोलपत्रदाखिलागर्ने अन्तिमदिनवाबोलपत्रखोलिने दिनविदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनबोलपत्रदाखिला र बोलपत्रखोलिने छ ।
९) ठेक्का रकमसंझौता समयमा एकमुष्ठबुझाउनु पर्नेछ ।किस्ताबुझाउनकालागि बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१०) बोलपत्र स्वीकृत भएको ७दिनभित्र सम्झौतागरि सक्नुपर्नेछ । उक्तअवधिमा सम्झौतागर्न नआएमानियमानुसार कार्यवाही अगाडी बढाईनेछ ।

११) प्रचलितकानूनअनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले ब्यहोर्नुपर्नेछ ।मूल्यअभिबृद्धि कर समावेश गरि ठेकेदार स्वयंले उठाई सो सम्बन्धितनिकायमाबुझाउदै जानुपर्नेछ ।

१२) ठेकेदारले नेपाल सरकार तथा बेलबारी नगरपालिकाले समय समयमादिएको निर्देशनलाई पालनागर्नुपर्नेछ र यस न.पा. र ठेकेदार बीच ठेक्काको विषयमाविवादभएमानगरपालिकाले गरेको निर्णय अन्तिमहुनेछ ।

१३) बेलबारी नगरपालिकालाई बुझाउनु पर्ने रकमबाँकीबक्यौताभएकाव्यक्तिहरुको बोलपत्रलाई बाँकीबक्यौता रकमनबुझाएसम्म स्वीकृत गरिने छैन ।

१४) ठेकेदारले राखेको धरौटी रकम ठेक्काअवधि समाप्तभए पछि आन्तरिक राजश्वकार्यालयमाआयकर मूल्यअभिबृद्धि कर तिरेको प्रमाण र बेलबारी नगरपालिकाबाट कर असुलीमाप्रयोग भएको रसिदजाँचबुझ भएपछि मात्रफिर्ता दिईनेछ ।

१५) ठेक्काकबोल गर्ने ठेकेदारले बेलबारी नगरपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई रसिदहरु नगरपालिकाबाट कार्यालय प्रमुखवानिजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा वाउजुरी परेमानियमानुसार कारवाहीचलाईनेछ ।

१६) बन्द हड्ताल जस्ता मानव सृजितकारण तथाप्राकृतिकप्रकोपबाट हुने अवरोधकाकारण कर छुट वामिनाहादिईने छैन ।

१७) एक व्यक्तिवाफर्मको नामबाट खरिद गरेको बोलपत्रअर्को व्यक्तिवाफर्मको नाममादाखिलागर्न पाईने छैन ।

१८) बिदेशबाटआयकर तिरिसकेको मालसामानमा कर उठाउन पाईने छैन ।

१९) यो सूचनाबमोजिमको दाखिलाभएको कुनै वा सबै बोलपत्र स्वीकृतवा अस्वीकृत गर्ने अधिकार नगरपालिकामानिहित रहनेछ ।

२०) कर असुलीको दररेट एवंलाग्ने दस्तुरको विवरण सहितको होडिङ वोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरि अनिवार्य रुपमा राख्नुपर्नेछ ।

२१) कुनै एक ठाउँमा राखेको धरौटी रकमअर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहागरिने छैन ।

२२) कुनै शर्त सहितको बोलपत्र स्वीकृत हुने छैन ।

२३) स्थानीयतहले तोकेको दर भन्दा बढी रकमअसुल गरेमावा सम्झौतामाउल्लेख भएबाहेककामालबस्तुमा कर सेवाशुल्कवा दस्तुर असुल गरेमावा दोहोरो हुने गरि कर लिएमात्यस्तो कर बराबरको रकम ठेकेदारले यस कार्यालयमा राखेको धरौटी रकमबाट कट्टागरि सम्बन्धितपक्षलाई उपलब्ध गराईनेछ । ठेक्का सम्बन्धिसम्पूर्ण कामकारवाही सार्वजनिकखरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिकखरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ बमोजिमहुनेछ ।

२४) ठेक्का स्वीकृत भएपछि ठेक्कालिने पक्षले पाननम्बरलिई ठेक्कावापतको रकम कर कार्यालयमादाखिलागर्नुपर्नेछ ।

२५) सूचनामाउल्लेखनभएको कुराहरुको हकमाप्रचलितकानूनअनुसार हुनेछ ।